आर्थिक वर्ष २०७८/७९

# निति तथा कार्यक्रम र बजेट २०७८

## के आई सिंह गाउँपालिका

डोटी जिल्ला

सुदुरपश्चिम प्रदेश

२०७८

**सभामा पेश भएको मितिः २०७८।०३।१०**
**प्रस्तुत कर्ताः मिना विष्ट(उपाध्यक्ष)**

**गाउँसभा अध्यक्षज्यू एवं**
**गाउँ सभा सदस्य ज्यूहरु,**

सम्पूर्ण विश्व र नेपाल नै कोभिड-१९ (कोरोना भाईरस) महामारिको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज यस के.आई.सिंह गाउँपालिकाको गरिमामय नवौं गाउँ सभामा आगामी आ.व २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिविकाका लागी भएका विभिन्न अग्रगामी लोकतान्त्रिक जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रूपान्तरणमा उहाँहरुले पुर्‍याउनु भएको महान योगदानको पुन: स्मरण गर्न चाहान्छु ।

कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दिकै सबैभन्दा ठूलो संकट पैदा भएको छ । विश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजुद स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौ मानिसको ज्यान गईसकेको छ, अरु लाखौ संक्रमित छन् । यस माहामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जिवन गुमाउनुहुने नेपाली नागरिकहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

के.आई.सिंह गाउँपालिका वडा नं ३ मा मिति **२०७८।०३।०२** गते पहिरोमा परी **श्री खडक बहादुर बम, covid-19 को संक्रमणबाट श्री तेज बहादुर पुनमगर, श्री डम्मरा देवी भट्ट, श्री राम बहादुर भुल, श्री भजन सिंह रावल र श्री नर बहादुर मल्ल** लगायत अन्य व्यक्तीहरुले अकालमै ज्यान गुमाउनु भएकोले निजको मृत आत्माको चिर शान्तिको कामना गर्दै पहिरोमा परि घाईते हुनु भएका व्यक्तीहरु र Covid-19 संक्रमण भइ उपचाररत सबैलाइ शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै डोटी जिल्ला लगायत देश भरि नै प्राकृतिक प्रकोपमा परि अकालमा जीवन गुमाउनु हुने सम्पूर्ण नेपाली दाजुभाईहरुमा हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु साथै उपचाररत सम्पूर्ण नागरिकहरुको शिघ्र स्वास्थ लाभको कामना गर्दछु । साथै यस्ता प्राकृतिक विपत्तिहरु बाट सजगता र सतर्कता अपनाउन हुन सबै नागरिकहरुलाई हार्दिक अपिल गर्दछु ।

साथै यस बिपतका बेला अहोरात्र खटिएर उद्धार, राहत र उपचार सेवामा संलग्न स्वयमसेवक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधी, पत्रकार, एम्बुलेन्स चालक, नागरिक समाज लगायत सबैको उच्च प्रशंसा गर्दछु ।
अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यावसायी, व्यावसायिक प्रतिष्ठान तथा संघसंस्थालाई धन्यवाद दिन चाहन्छु । महामारीको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारबाट भएको मार्गदर्शन तथा सहयोग र प्रदेश तथा अन्य स्थानीय सरकारको तहबाट भएको समन्वय, सहकार्य र सहजिकरणकोलागि हार्दिक आभार प्रकट गर्दछु । स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी स्थानीय सरकारलाई सहज र सहयोग गर्नु भएकोमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

कोरोना महामारि सँग लड्नका लागि विश्व समुदाय बीच ऐक्यबद्धता र सहकार्य बढ्दै गएको छ । यस महामारीलाई जित्न एवं आफ्नो जीवनको रक्षा गर्न सबैले नेपाल सरकार, प्रदेश सरकार र यस गाउँपालिका द्धारा जारी गरिएका स्वास्थ्य मापदण्ड अपनाउँदै आत्मविश्वास र आशावादी भएर अनुशासित हुन आवश्यक छ ।

यस के.आई.सिंह गाउँपालिकाले कोरोना महामारीको दोस्रो लहरबाट जनताको जीवनको रक्षाको लागि आफ्नो श्रोत साधनको उपलब्धता एवं अधिकारक्षेत्रका आधारमा कटिबद्ध रुपमा काम गर्दै आएको छ। मित्र राष्ट्र भारत लगायत अन्य मुलुकबाट यस के.आई.सिंह गाउँपालिकामा प्रवेश गर्नुहुने सम्पूर्ण यात्रुहरुको स्वास्थ्य परिक्षण, आईसोलेसन वेडको व्यवस्था, प्राणवायुको आपूर्ति, औषधीको नियमित आपूर्ति व्यवस्थित गर्ने कार्य यस गाउँपालिकाले गर्दै आएको छ र प्रयास अझै पनि निरन्तर जारी रहनेछ।

कोरोना महामारीले यस गाउँपालिकाको अर्थ व्यवस्थामाथि गम्भीर असर पुर्याएको छ। यातायात, पर्यटन, साना तथा मझौला उद्योग, व्यापार, व्यावसाय लगायत सबै क्षेत्र गतिशिल नहुँदा गाउँपालिकाको उत्पादन र वितरण प्रणाली समेत गम्भीर रुपमा प्रभावित भएको छ। हजारौंको रोजगारी गुमेको छ भने विकास आयोजना र योजनाहरु पूर्ण रुपमा सञ्चालन हुन नसक्दा गाउँपालिकाले तय गरेका लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिम असर पुगेको छ।

नेपालको संविधानले निर्दिष्ट गरे वमोजिम संघीय शासन प्रणालीलाई संस्थागत गर्न जनताको जराधार तहमा रहेर यस गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग आपसी समन्वय, सहअस्तित्व र सहकार्यको सिदान्त बमोजिम कार्य गर्दै आएको छ।

आर्थिक तथा समाजिक रुपान्तरण, विकास, सुशासन र समृद्धिको मार्गमा यो गाउँपालिका निरन्तर अघि बढीरहेको छ। यस गाउँपालिकालाई आत्मनिर्भर र समुन्नत बनाउन कृषि, जलस्रोत, पर्यटन, जडिबुटी र साना तथा मझौला उद्योग व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गरी समृद्ध गाउँपालिका निर्माण गर्न हामी सबै दृढ संकल्पित छौं।

**गाउँसभा अध्यक्षज्यू एवं**

**गाउँ सभा सदस्य ज्यूहरु,**

अव, म आर्थिक वर्ष २०७७/०७८ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपब्धीहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु।

१. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, आचारसंहिता, मापदण्ड र मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन। भने अन्य आवश्यक कार्यविधिहरु निर्माणको चरणमा रहेका छन।
२. संविधानले निर्दिष्ट गरे बमोजिमको सहकारिता, सहअस्तित्व र समन्वयको सिदान्तको आधारमा संघीय र प्रदेश सरकार सँग नीतिगत सामञ्जस्यता, कानून निर्माण, योजना तर्जुमा र समस्या समाधान गर्न हातेमालो गरिदै आईएको छ।
३. यस गाउँपालिकाको ऐतिहाँसिक र साँस्कृतिक धरोहरको प्रतिक के.आई.सिंह संग्रहालय निर्माणको अन्तिम चरणमा प्रबेश गरेको छ साथै आगामी आर्थिक वर्षमा समुदघाटन गरि यसको ऐतिहाँसिक र साँस्कृतिक महत्व वारे नेपाल भरि प्रचारप्रसार गरिनेछ।
४. वडा नं ७ को वडा कार्यालयको भवनको निर्माण कार्य सम्पन्न भई दैनिक प्रयोगमा आई सेवा प्रवाह गर्न थालिएको छ। साथै वडा नं १ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको छ।
५. यस गाउँपालिकाका सबै वडा कार्यालयहरु सडक सञ्जालमा जोडीएका छन।
६. यस गाउँपालिकाको घना बस्ती भएको क्षेत्रको सडक छेउछाउमा सोलार बत्तिहरु जडान गरी उज्यालो गाउँपालिका बनाउने महाअभियान सञ्चालन गरिएको छ।
७. RVWRMP सँगको बजेट साझेदारीमा दिर्घकालिन महत्वका चार वटा ठूला खानेपानी योजना निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेका छन।

८. यस गाउँपालिकाको ऐतिहाँसिक, साँस्कृतिक र धार्मिक महत्व वोकेको वडा नं ६ को मष्टा देवताको मन्दिरको निर्माण कार्य सम्पन्न भएको छ । यसले गर्दा के.आई.सिंह बासि सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा आपसी भाईचारा, धार्मिक सहिष्णुता, एक अर्काको रितिरिवाज र चालचलन प्रतिको सम्मान र सहअस्तित्व अभिबृद्धि भई सु-सँस्कृत, नैतिकवान र आदर्शवान गाउँपालिका बनाउन सहयोग मिल्नेछ ।

९. यस गाउँपालकाको धार्मिक, साँस्कृतिक तथा प्रर्यटकिय गन्तव्यको रुपमा रहेको पिलेकाँडा- गणेशकाँडा पैदल मार्ग क्रमागत योजना अन्तर्गत रही निर्माणको अन्तिम चरणमा रहको छ । यसले गर्दा के.आई.सिंह गाउँपालिका एक महत्वपूर्ण पर्यटकिय गन्तव्यको रुपमा परिचित हुने, रोजगारी सिर्जना हुने र अन्तत गरिवि निवारणमा उल्लेख्य सहयोग पुग्ने देखिन्छ ।

१०. यस गाउँपालिकाका करिब ९० प्रतिशत जनता विद्युतको सेवाबाट लाभान्वित भैसकेका छन । साथै विद्युतको सेवा पुग्न वाँकि वडा नं १ को गणेशकाँडा, वडा नं २ को नारीदाङ्ग लगायतका अन्य क्षेत्र तथा गाउँमा आगामी आ.व २०७८/०७९ मा विद्युत सेवा पुर्याउन गाउँपालिकाले तार तथा पोल खरिद प्रकृया समपन्न भइ सकेको छ ।

११. आ.व २०७७/०७८ मा संघीय सरकारद्धार १० शैयाको अस्पताल निर्माण कार्यको लागि यस गाउँपालिकामा विनियोजन गरेको रकम पूर्ण सदुपयोग गर्न यस गाउँपालिकाले जग्गा प्राप्तिको कार्य सम्पन्न गरी टेण्डरको काम समेत गरिसकेको अवस्था छ । जसले गर्दा आगामी वर्षहरुमा यस गाउँपालिकाबासी हरुले विशेषज्ञ र सर्वसुलभ स्वास्थ्य सेवा पाउने सुनिश्चितता छ ।

१२. वडा नं ५ को वडा कार्यालय र मन्चको भवन निर्माणको लागि जग्गा प्राप्तिको कार्य अन्तिम चरणमा पुगेको छ ।

१३. गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माणको लागि जग्गा प्राप्ति गरि डिपिआर निर्माण भईसकेको छ ।

१४. सामाजिक विभेद, अन्याय, अत्याचार र उत्पिडनमा परेका दलित समूदायहरुलाई सशक्तिकरण गरी सामाजिक न्याय सहितको समाबेशी विकासको लक्ष्य हाँसिल गर्न यस गाउँपालिका द्धारा दलित सँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईएको छ । साथै दलित छात्रवृति र दलित स्वंसेवक शिक्षक जस्ता कार्यक्रमहरु सञ्चालनमा रहेका छन र तिनलाई अझै निरन्तरता दिईने छ ।

१५. संविधान द्धारा प्रद्धत गाउँपालिकाको न्यायिक समितिको अधिकार लाई स्थानीय तहमा संस्थागत गरी न्यायिक निरोपण र मेलमिलाप लाई प्रश्रय दिन मेलमिलापकर्ताहरुको लागि तिन दिने पुनर्ताजगि तालिमको आयोजना गरिएको छ । जसले गर्दा गाउँघरमा हुने सामान्य विवाद र लेनदेनका विषयहरुको गाउँपालिकामै टुङ्गो लागि स्वच्छ र शान्त वातावरणको सिर्जना भएको छ ।

१६. जेष्ठ नागरिकहरुको आत्मसम्मानपूर्वक बाँच्न सक्ने वातावरण निर्माणमा सहयोग गर्न प्रत्येक वडा कार्यालय द्धारा हरेक वर्षको बजेट तथा नीति कार्यक्रममा जेष्ठ नागरिक सम्मान कार्यक्रमको सुनिश्चितता गरी विविध कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

१७. गाउँपालिका अन्तर्गतका स्वास्थ संस्थाहरुबाट प्रदान गरिने स्वास्थ सेवालाई विशेषज्ञ, अत्याधुनिक र सर्वसुलभ बनाई स्वास्थ सेवामा सबै वर्ग र समुदायको सहज पहुँच सुनिश्चित गर्न मेडिकल अधिकृतको नियुक्ति गरि स्वास्थ्य सेवालाई यस गाउँपालिकाले विशेष महत्व र चाँसो दिएको छ ।

१८. वडा नं ७ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न भईसकेको र वडा नं १ को स्वास्थ्य केन्द्र भवन निर्माणको अन्तिम चरणमा रहेको छ ।

१९. नागरिक आरोग्य सेवा केन्द्रको स्थापना गरि आयुर्वेद स्वास्थ्य सेवा सन्चालन गरिएको छ ।

**गाउँसभा अध्यक्षज्यू एवं**

**गाउँ सभा सदस्य ज्यूहरु,**

के.आई.सिंह गाउँपालिकाको गरिमामय गाउँ सभालाई सम्बोधन गर्दै आ.व. २०७८/०७९ को ***वार्षिक नीति तथा कार्यक्रम*** प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समाज यस *सरकारका आदर्श* हुनेछन्।

समृद्धि अब नेपालका लागि मृगतृष्णा मात्र हुन सक्दैन। विकास बाहेक समृद्धि हासिल गर्ने अर्को बाटो छैन। विकासका लागि *शान्ति र स्थायित्व* मा यस स्थानीय तहले गम्भीरताका साथ ध्यान दिनेछ। तथ्य, तर्क र कानूनका आधारमा नागरिकका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ। यस सरकारले लोकप्रियताका लागि नभएर, नागरिकका लागि राम्रा काम गरेर लोकप्रिय हुने निति लिएको छ।

**सोचः**

**"महामारी नियन्त्रणमा प्रतिवद्दता, गाउँपालिकाको ऐक्यवद्दता"** भन्ने मुल नाराका साथ स्वास्थ्य संस्थालाइ प्रविधिमैत्री,आधुनिक र विशिष्टिकृत बनाइ गाउँपालिकाबासीलाइ स्वस्थ र सुखि बनाइनेछ।

**लक्ष्यः**

कोभिड-१९ एवम अन्य महामारीबाट जोगिन नागरिकको आधारभुत आवश्यकतालाइ मध्यनजगर गरि स्वास्थ्यसँग सम्बन्धित सेवाहरु ( जस्तै उपचारात्मक, निदानात्मक र प्रवर्दनात्मक ) प्रदान गर्ने स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गर्दै आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ।

**उद्देश्य :**

(क) कोभिड-१९ महामारीको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य संस्थाहरुको सबलिकरण, जनशक्तिको क्षमता विकास र प्रत्येक स्वास्थ्य संस्थामा आवश्यक स्वास्थय उपकरणको प्रबन्ध गरिने छ ।

ख) कोभिड-१९ बाट प्रभावित वर्तमान अवस्थालाई मध्यनजर गर्दै यस गाउँपालिकाको कृषि, साना तथा लघु उद्योग, पर्यटन, सहकारी तथा अन्य क्षेत्रलाई पुनउत्थान र सुदृढीकरण गर्दै लगिनेछ।

ग) कृषि तथा पशुपालन कार्यलाई उत्पादन र उत्पादकत्व सँग जोडेर यि क्षेत्रको आधुनिकिकरण, विविधिकरण र व्यावसायिकरण गर्दै बजार पहुँचको व्यवस्था सुनिश्चित गरिने छ।

घ) कोभिड-१९ बाट प्रभावित विद्यालय संरचनाको स्तरउन्नती गर्दै विद्यार्थिहरुको पाठनपाठनलाई नियमित गर्न बैकल्पिक शिक्षण विधी तथा शिक्षण सामग्रीहरुको अवलम्वन गरिनेछ।

ङ) फोहरमैला व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायू परिवर्तनका असरहरुलाई न्यूनिकरण गर्दै जलवायू उत्थानशिल समाज र प्रविधिको विकास गरिनेछ।

च) गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुलाई चुस्त दुरुस्त, पारदर्शि, जनमुखि, प्रविधिमैत्री र सबैको पहुँचयोग्य बनाई दिगो तथा सुशासनमैत्री बनाउदै लगिनेछ।

## आर्थिक विकास सम्बन्धी नीति

**कृषिः**

१. बिश्वब्यापी फैलिएको कोरोना संक्रमणको महामारीबाट उत्पन्न संकटबाट बच्न स्वरोजगारको वातावरण सृजना गर्ने निती अवलम्बन गरिनेछ। जसका लागि गाउँपालिका तथा वडा स्तरमा कार्यन्वयन हुने गरी " **के.आई.सिंह स्वरोजगार कृषि कार्यक्रम"** लागु गरिनेछ। यसको बेग्लै निर्देशिका तयार पारि साना तथा मझौला कृषि परियोजना संचालन हुनेछन् । यस कार्यक्रम अन्तर्गत निम्नानुसार गतिविधी संचालन गरिनेछ -

क) कृषि क्षेत्रमा लघु उद्यमहरु संचालन गर्न चाहनेहरुका लागि कृषि औजार उपकरणमा ७५ प्रतिशत अनुदान दिइनेछ।

ख) एक वडा एक लघु उद्यम स्थापना गरिनेछ।

घ) संयुक्त लगानी (म्याचिङ्ग फण्ड) का आधारमा कृषि उद्यम गर्न चाहनेहरुलाई बिना धितो ऋण तथा सहुलियतपूर्ण ब्याज उपलब्ध गराउन बित्तिय संस्थाहरुसंग समन्वय गरिनेछ।

ङ) भकारो सुधार कार्यक्रमलाई कार्यान्वयनमा ल्याउनुका साथै जैविक मल तथा विषादी उत्पादन गर्न किसानलाइ उत्प्रेरित गरि अनुदानको व्यवस्था गरिनेछ।

छ) बाँझो रहेको जमिनलाई कृषि कार्यमा उपयोग गर्न तथा टुक्रिएको जमिनको चाक्लाबन्दी गरी व्यवसायिक कृषि कार्यमा प्रयोग गरिनेछ। खाद्यान्न संकटलाई ध्यानमा राखि तत्काल उत्पादन हुने उन्नत नगदेबाली खेतीमा बिउबिजन, मलखाद्य तथा सिचाई योजनाहरुमा शतप्रतिशत अनुदान दिई खाद्य संकट न्युनीकरण गर्न भारत तथा तेस्रो मुलुकबाट फर्किएका युवाहरुलाई प्रोत्साहन गरिनेछ।

२. निजी उद्यमी र सहकारी क्षेत्रको संलग्नतामा करार तथा सहकारी खेतीलाई विशेष जोड दिईनेछ।

३. बाँझो जमिनमा उत्पादन हुने बालीहरुको पहिचान गरि सम्भावित क्षेत्रहरुमा फलफूल तथा नगदेवाली खेतीलाइ प्राथमिकतामा राखि कार्यक्रम तय गर्ने निति लिइनेछ।

४. यस गाउँपालिका क्षेत्र भित्र रहेको बाँझो जग्गामा न्यूनतम पाँच रोपनीमा खेती गर्ने युवा उद्यमीलाई कृषि अनुदानको व्यवस्था गरिनेछ।

५. निर्वाहमुखी कृषि पद्दतिलाई दश वर्षभित्रमा पूर्ण रुपमा व्यवसायिक कृषितर्फ रुपान्तरण गर्न *माटो परीक्षण, जलवायु अनुकूल कृषि बालीको* छनौटलाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

६. के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुको प्रकृति, स्वरुप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गर्न *करार, सहकारी र सामुहिक खेती*लाई विशेष प्रोत्साहन गरिनेछ।

७. प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरुको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरुको खेतीलाई प्रोत्साहन गरिनेछ। *अर्गानिक खेती प्रणाली*लाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरुत्साहन गरिनेछ।

८. कृषिजन्य उपजको भण्डारणका लागि *शीत भण्डारण*को व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ। कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री वितरण र मूल्यको अनुगमन र नियमन गरिनेछ।

९. कृषि उत्पादनलाई व्यवस्थित र सुरक्षित बनाउन आधारभूत कृषिजन्य बालीहरुमा रोगहरुको पहिचान र सचेतना अभिवृद्धि गर्न आवधिक रुपमा *कृषिजन्य अभिमुखिकरण तालिम* सञ्चालन गरिनेछ।

१०. गाउँपालिकालाई फलफुलमा आत्मनिर्भर बनाउन आगामी आ.व मा २० हजार फलफुलका विरुवा रोप्ने कार्यको थालनी गरिनेछ।

११. के.आई.सिंह गाउँपालिका क्षेत्रमा कृषि क्षेत्रमा अनुकरणीय योगदान पुऱ्याए वापत वार्षिक रुपमा *सर्वोत्कृष्ट कृषि व्यवसायी* घोषणा गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ।

१२. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी यस गाउँपालिका क्षेत्र भित्र पर्ने औषधीयुक्त जडिबुटीको पहिचान गरि तिनको संरक्षणमा विशेष जोड दिईनेछ।

१३. सुख्खा क्षेत्रमा रिचार्ज Pond को अवधारणा लागू गरिनेछ। थोपा सिंचाई तथा फोहोरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ। तथा वडा नं. २,३ र ५ का नदि तटका जमिनहरुमा विद्युत तथा सौर्य उर्जा प्रणालिबाट सिचाईको व्यवस्था गरिनेछ।

१४. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्तरमा बिउ बैंक (Seed bank) स्थापना गर्न आवश्यक नीति तय गरिनेछ।

१५. फलफूल र आलु तथा अन्य तरकारी भण्डारणका लागि सेलर स्टोर तथा रष्टिक स्टोरको निर्माणका लागि यस के.आई.सिंह गाउँपालिकामा कार्यरत संघ संस्थासँग समन्वय गरिनेछ।

१६. उच्च मूल्य कृषि वस्तु बजारीकरणको लागि सहकारीमा आधारित बिक्री वितरण प्रणाली (co-operative marketing system) लाई प्रोत्साहन गरिनेछ।

१७. जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको प्रभाव सम्बन्धी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ।

१८. गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेतीमा अनुदान दिने नीति लिईनेछ।

१९. भुमिहिन तथा सुकुम्बासीहरुलाइ सामुदायिक बनहरुसँगको साझेदारीमा जग्गा भाडामा लिइ व्यवसायिक खेतिका लागि प्रोत्साहित गर्ने निति लिइनेछ।

**पशुपन्छी:**

२०. बाख्रापालन व्यवसायलाई प्रोत्साहित गर्न *चरन क्षेत्र*को लागि सम्भावित ठाउँ पहिचान गरी व्यवसायिक बाख्रापालन गर्ने निति लिइनेछ।

२१. *कृत्रिम गर्भाधान* (Artificial Insemination) लाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गर्न र ती ठाउँमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिनेछ। यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२२. आधुनिक व्यावसायिक कुखुरा, बाख्रा, गाई, भैंसी, बंगुर लगायत अन्य *पशुपंक्षी फर्म*को विकास गर्न जोड दिइनेछ।

२३. *पशुहरुको आहारा* आपूर्तिको लागि भुइ तथा डालेघाँस खेतिलाइ प्रोत्साहित गर्ने निति अबलम्बन गरिनेछ।

२४. गाउँपालिका स्तरीय *घुम्ती पशु स्वास्थ्य शिविर* सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

२५. ३० बाख्रा वा ३ भैसी वा ५ वटा गाइ पाल्ने व्यवसायीलाइ गाउँपालिकाबाट दिइने अनुदानमा विशेष प्राथमिकता दिइने छ। यस्ता व्यवसायिक किसानहरुले पशु विमा गरेमा लाग्ने शुल्कको प्रिमियममा शत प्रतिशत अनुदान दिइनेछ।

२६. स्वच्छ र ताजा मासुका लागि फ्रेस हाउस निर्माण गर्ने निति अबलम्बन गरिनेछ।

**सहकारी:**

२७. ***गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी'*** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु, दर्ता हुन आउने संस्थाहरुको सञ्चालन, नवीकरण, नियमन र खारेजी गर्ने निति लिइनेछ।

२८. *दशैँ तिहार जस्ता चाडपर्वका वेला सहुलियत दरमा उपलब्ध गराउँदै आएको नुन, चिनी वितरणलाईअझै व्यवस्थित गर्दै निरन्तरता दिईनेछ।*

२९. स्थानीय तहको दीगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि *सवल र सक्षम सहकारी प्रणाली*लाई विकास गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

३०. स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई *अर्थतन्त्रको एक सबल स्तम्भ*को रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

३१. सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, नीजी क्षेत्र तथा विकास साझेदारहरु बीच *सहकार्य* र *सहयोग*लाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

३२. *सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास* तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी, प्रभावकारी एवम् गुणस्तरीय बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

३३. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन, दलित तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन *सहकारीको पहुँच अभिवृद्धि* गरिनेछ।

३४. कृषकहरुलाइ विउविजन, रसायनिक मल लगायतका कृषिसँग सम्बन्धनित सामाग्रीहरु वितरण गर्न सहकारीसँग समन्वय गर्ने निति लिइनेछ।

**उद्योग:**

३५. के.आई.सिंह गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका मझौला, घरेलु तथा साना *उद्योगहरुको विवरण अद्यावधिक* गरी उक्त उद्योग व्यवसायको अधिकृत पूँजी, स्वरुप, प्रकृति, क्षेत्रका आधारमा वर्गीकरण गर्ने तथा सञ्चालन र नियमनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

३६. के.आई.सिंह गाउँपालिकामा प्रचुर मात्रामा सम्भावना रहेको सम्भाव्य उत्पादनलाई व्यवसायीकरण गर्न आगामी आर्थिक वर्षबाट *औद्योगिक ग्राम*को स्थापना गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

३७. के.आई.सिंह गाउँपालिका भित्र *घरेलु तथा साना उद्योग*को विस्तार गरिनेछ। स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी अल्लो ढाका, निगालो, बास तथा कपास जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था गरिनेछ।

३८. कोभिड-१९ बाट प्रवाहित उद्योग क्षेत्रको पुनउत्थान र सबलिकरण गर्दै नियमित रुपमा सन्चालन गर्न अनुदान दिईनेछ ।

**रोजगार प्रवर्द्धन:**

३९. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ।

४०. कोभिड-१९ को दोश्रो लहरबाट सिर्जना भएको वेरोजगारी समस्याहरुलाइ मध्येनजर गर्दै त्यस्ता वेरोजगार व्यक्तिहरुको लगत संकलन गरि गाउँपालिकाबाट सन्चालित योजना तथा कार्यक्रमबाट न्युनतम ५० दिनको रोजगारी सुनिश्चित गरि उपभोक्ता समितिबाट सन्चालित योजनाहरुमा **युवा रोजगारी कार्यक्रम** सन्चालन गर्ने निति अबलम्बन गरिनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका वेरोजगारहरु बाट श्रमिकहरु छनोट गरि गाउँपालिकाबाट सञ्चालित उपभोक्ता समितिहरुमा वेरोजगार श्रमिकको व्यवस्थापन गरिने नीति लिईनेछ।

४१. गाउँपालिकाबाट आ.व. २०७८/०७९ मा वार्षिक बजेट विनियोजन गर्दा भारत लगायत तेस्रो मूलुकबाट आएका व्यक्तिलाई प्रत्यक्ष रोजगारी सिर्जना हुने आयोजनाहरुलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

४२. वैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ।

४३. वेरोजगार र विपन्न नागरिकहरुलाई सिपमुलक तालिम दिनका लागि विभिन्न सरोकारबाला निकायहरुसँग समन्वय गरि साझेदारीमा आधारित विभिन्न सिपमुलक तालिमहरु सञ्चालनको लागि आवश्यक पहल गर्ने नीति लिईनेछ।

४४. गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रहरुमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेर दोहोरोपन नआउने गरी क्षेत्र निर्धारण गरिनेछ।

४५. वैदेशिक रोजगारबाट (भारत लगातय अन्य मूलुक) आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ। साथै के.आई.सिंह गाउँपालिकालाई मर्यादित र अनुशासित बनाउन युवाहरुलाई स्वयंम सेवकको रुपमा खटाईनेछ।

४६. दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम प्रदान गराइ स्वरोजगार बनाउन केही रकम अनुदानको रुपमा दिइनेछ।

४७. ***" जग्गा नराखौ बाँझो, हाम्रै हातमा छ उत्पादनको साँचो "*** स्वावलम्बन अभियान संचालन गरि बेरोजगार युवाहरुलाई दैनिक ज्यालाको रुपमा काम गराइ खाद्यान्न उत्पादन तथा बजार व्यवस्थापन गरिने छ।

४८. आन्तरिक रोजगारि सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्रसंग समन्वय र सहकार्यमा जोड दिइनेछ।

४९. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

५०. कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ।

**गरीबी न्यूनीकरण:**

५१. नेपालको संविधानमा उल्लिखित जनताको मौलिक हक तथा सम्बद्ध नीतिहरुको साथै दीगो विकासका लक्ष्य अनुसार हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्न *आवश्यक रणनीति र कार्यनीति* तथा कार्यक्रमहरु सञ्चालन गर्नेछ।

५२. सामाजिक, आर्थिक र राजनितिक रुपमा पछाडि परेका दलित समुदायहरुको शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्कताहरु सुनिश्चित गर्न **दलितसँग अध्यक्ष कार्यक्रम** लाइ निरन्तरता दिइएको छ।

५३. यस गाउँपालिकालाई गरिबीमुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ। गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्था तथा वैदेशिक सहयोगलाई *एकद्वार प्रणाली* मार्फत गरिबी घटेको परिणाम देखिने कार्यक्रम तय गर्ने नीति के.आई.सिंह गाउँपालिकाले लिनेछ।

५४. भारत लगायत तेस्रो मुलुकबाट आएका व्यक्तिहरुलाई दलितसँग अध्यक्ष कार्यक्रम मार्फत परिचालन गरी यस कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५५. विशेष गरेर गरिव र संकटग्रस्त अवस्थामा रहेका महिलाहरु र पुरुषहरुको आर्थिक श्रोतसाधनमा समान अधिकार सुनिश्चित गर्न आधारभूत सेवा सुविधाहरुमा पहुँच, भूमि माथिको स्वामित्व र नियन्त्रण एवं अन्य स्वरुपका सम्पत्ती, पैत्रिक सम्पत्ति, प्राकृतिक श्रोतसाधन, उपयुक्त नयाँ प्रबिधि तथा लघु वित्त लगायतका वित्तिय सेवामा पहुँच सुनिश्चित गर्ने नीति लिईनेछ।

५६. यस के.आई.सिंह गाउँपालिका भित्र रहेका सुकुम्बासी परिवारहरुको लागत तथा तथ्याङ्क संकलन गरी आवश्यक पर्ने जग्गा उपलब्ध गराउने नीति लिईनेछ।

५७. यस गाउँपालिकाले आ.व २०७८/०७९ को बजेट तथा नीति कार्यक्रम तयार गर्दा प्रत्यक्ष रुमा रोजगारी सिर्जना हुने र गरिवि निवारणमा टेवा पुग्ने खालका विकास योजनाहरुको प्राथमिकिकरण तथा छनौट गर्नेछ।

**पर्यटन:**

५८. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी पर्यटन व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम र सहुलियत ऋणका लागि समन्वय गर्ने नीति लिईनेछ।

५९. के.आई.सिंह गाउँपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरु(छत्रेश्वर-पिलेकाँडा-ओझाखर्क-गणेश काँडा-के.आई.सिंह संग्रहालय) जोड्ने पदमार्गलाई व्यवस्थित गरिनेछ।

६०. के.आई.सिंह गाउँपालिकाको सामाजिक, साँस्कृतिक तथा पर्यटकिय विकासका लागि वडा नं १ मा रहेको गणेशकाँडा क्षेत्रमा होम स्टेको अवधारणालाई सुरुवात गर्न आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधारको निर्माण गरिनेछ।

६१. यस गाउँपालिका लाई प्रर्यटकिय गन्तव्यको रुपमा विकास गर्न यहाँ भएका पर्यटकिय स्थल, सम्पदा, सँस्कृति आदिको प्रचारप्रसार गरिनेछ।

६२. डोटी जिल्लाका ऐतिहाँसिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेका सम्पदाहरुको खोज, अनुसन्धान र संकलन गरि के.आई.सिंह संग्रहालय लाई आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याईने छ।

६३. दिपायल सिलगढी नगरपालिका र बोगटान फुड्सिल गाउँपालिकसँग समन्वयमा सेती नदिमा रयाफटीङ्गका लागि सम्भाव्य अध्ययन गर्ने निति लिइनेछ।

**राजस्व:**

६४. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा स्थापना भएका सम्पूर्ण उद्योग तथा व्यावसायहरुलाई दर्ता गरि करको दायरामा ल्याईने छ।

६५. राजश्वका दर, दायरा, संकलन विधि र राजश्वको सदुपयोग वारे आम सर्वसाधारणहरुमा जनचेतान अभिबृद्धि गर्न आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चलान गरिनेछ।

६६. राजश्व संकलन कार्यलाई थप सुदृढिकरण र आधुनिकिकरण गर्दै राजश्व चुहावट लाई पूर्णरुपले नियन्त्रण गरिने छ।

६७. राजश्व शाखाको संस्थागत सबलिकरण र आधुनिकिकरण गरिनेछ साथै यस शाखामा कार्यरत जनशक्तिको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६८. कोभिड-१९ बाट समग्र अर्थतन्त्रमा परको असर तथा प्रभावलाई न्यूनिकरण गरि अर्थतन्त्रको पुनउत्थान र सुदृढीकरण गर्न आवश्य राजश्व नीतिको अवलम्वन गरिने छ।

६९. आन्तरकि राजश्व उठाउन सक्ने क्षमतालाई बृद्धि गर्दै लक्ष्योउन्मुख तुल्याईने छ।

**गुनासो सुनुवाईः**

७०. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा रहेको उजुरी पेटिकालाई द्वैमासिक रुपमा खोली प्राप्त उजुरी तथा गुनासोहरुलाई आवश्यक सम्बोधन गरिनेछ।

७१. यस गाउँपालिकालाई विभिन्न माध्यम जस्तै: ईमेल, ईन्टरनेट, सूचना अधिकारी र वेभपेज मार्फत सूचना र गुनासो प्रदान गर्नुहुने आदरणिय व्यक्तिहरु प्रति उच्च सम्मान गर्दे गुनासो सुनुवाई संयन्त्रको विकास गरिनेछ।

७२. यस गाउँपालिकाकाको सर्वाङ्गिण विकासको लागि आवश्यक पर्ने नीति, कानून, नर्देशिका, मापदण्ड तथा अन्य विधि पद्धतिको तयार गर्दा स्थानीय भद्र भलादमि, विषय क्षेत्रका विज्ञहरुको सँग विशेष छलफल र समन्वय गरिनेछ।

**न्याय तथा कानूनी मामिला**

**न्याय :**

७३. मेलमिलापको माध्यमबाट स्थानीय विवादका विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिइनेछ।

७४. न्यायिक इजलासलाई व्यवस्थित गर्न एक कर्मचारी सहितको न्यायिक इजलास कक्ष गठन गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ।

७५. मेलमिलापकर्ताहरु लाई सूचिकृत गरि प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्रको स्थापना र सञ्चालन गरिनेछ।

७६. न्यायिक समितिको संस्थागत सुदृढीकरण र न्यायिक समितिमा कार्यरत पदाधिकारी तथा जनशक्तिको क्षमता विकासको लागि आवश्यक नीतिको प्रबन्ध र पुर्नताजगि तालिमको सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

**पूर्वाधार विकास**

**सडक तथा यातायात**

७७. मुरेडा-अल्लेवन सडक र खड्लेक देखि संग्राहालयसम्मको सडक स्तरोन्नती गर्ने निति लिइनेछ।

७८. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पक्की पुल, पानीका ढल तथा नाली व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडाहरुमा क्रमिक रुपमा मोटरबाटोलाई स्तरोन्नति गरिनेछ।

७९. गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत तथा स्तरोन्नति गरिनेछ।

८०. के.आई.सिंह गाउँपालिकाबाट सञ्चालित खानेपानी, सडक, सिचाईकुलो जस्ता योजनाहरुको संरक्षण एवम सम्बर्दनका लागि मर्मत सम्भार कोषको स्थापना गरिनेछ।

८१. चालु आ.ब. २०७७।०७८ मा सम्पन्न हुन नसकेका र अति आवश्यक योजना तथा कार्यक्रमहरुलाइ बजेटमा समेट्ने निति लिइनेछ।

**विद्युत**

८२. केन्द्रीय प्रसारण लाईनबाट गाउँपालिकाको सबै वडा तथा टोलहरुमा विद्युत विस्तारका लागि पहल गरिनेछ। आगामी वर्ष सबै वडाका वस्तीहरुमा विद्दुत सेवाको पहुँच सुनिश्चित गरिनेछ।

**सूचना तथा सञ्चार प्रविधि**

८३. डिजिटल के.आई.सिंह गाउँपालिकाको अभियानलाई साकार तुल्याउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा जडान गरिनेछ र यसको दिगोपनालाई विशेष ध्यान दिईनेछ।

८४. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाहरु, रेडियो, टेलिभिजन प्रसारणको व्यापक पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

८५. के.आई.सिंह गाउँपालिकामा सर्भरको विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइनेछ ।

८६. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ ।

८७. निजी क्षेत्र समेतको सहभागितामा Group SMS, IPT Software, मोबाइल एप, दर्ता चलानी सम्बन्धी सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा सञ्चालनमा ल्याई नविनतम सुचना प्रविधि प्रयोगमा ल्याइनेछ ।

८८. हस्तलिखित दस्ताबेजहरुको स्थानमा कम्प्युटराइज्ड कागजातहरुको मात्र प्रयोग गरिनेछ ।

८९. डिजिटल नोटिस बोर्ड, LED नोटिस बोर्डको प्रयोग गरी गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ ।

९०. Paperless work को अवधारणालाई लागु गर्न गाउँपालिकामा हुने तथा गरिने सम्पूर्ण क्रियाकलापहरुको सफ्ट कपि सूचना तथा अभिलेख केन्द्रमा डिजिटल भण्डारण गरिने व्यवस्था मिलाइनेछ ।

**खानेपानी व्यवस्थापन**

९१. गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न ***एक घर, एक धारा*** खानेपानी उपलब्धताको लागि विकासका साझेदारहरुको सहयोग र समन्वयमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ ।

९३. ऐतिहाँसिक र धार्मिक महत्व बोकेका पुराना ढुङ्गे धाराको जगेर्ना र संरक्षण गर्न ढुङ्गेधारा संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

९४. निर्माण भइ सन्चालनमा रहेका खानेपानी आयोजनाहरुको संरक्षण र सम्बर्द्धन गर्नुका साथै नयाँ पानिका मूलहरुको पहिचान गरि कार्यान्वयनमा ल्याइने निति अवबलम्बन गरिनेछ । खानेपानीका मूलहरुको संरक्षणका लागि वृक्षारोपण र Recharge पोखरिहरु निर्माण गर्ने कार्यक्रम ल्याइनेछ ।

**सार्वजनिक सहकारी निजी साझेदारी**

९५. के.आई.सिंह गाउँपालिकाले आ.व. २०७८/०७९ मा विभिन्न विषय ,क्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी, गैर सरकारी तथा अन्य गाउँपालिका वा स्थानीय सरकार सँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

**भवन तथा भवन संहिता**

९६. के.आई.सिंह गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी गाउँपालिकाबाट अनुमति लिएर निर्माण गर्नु पर्नेछ । अन्यथा के.आई.सिंह गाउँपालिकाबाट उपलब्ध गराइने भवन पूर्वाधार सम्बन्धी सेवा सुविधाबाट बञ्चित गराइनेछ ।

९७. के.आई.सिंह गाउँपालिकाबाट स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ ।

९८. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन - २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।

**भू-उपयोग**

९९. जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ ।

१००. के.आई.सिंह गाउँपालिकाले समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङगा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ।

१०१. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।

१०२. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ।

१०३. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ।

१०४. भू- उपयोग योजना सम्बन्धी सूचना विकास गरिनेछ।

**बस्ती विकास**

१०५. एकीकृत बस्ती विकासको अवधारणालाई बस्ती विकास कार्यक्रम तय गरी लागु गर्न दीर्घकालीन रणनीति बनाइनेछ।

१०६. सुरक्षित बस्ती स्थानका आधार तथा मापदण्डहरु निर्धारण गरी बस्ती विकासलाई व्यवस्थित गरिनेछ।

१०७. प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापनमा सामुदायिक क्षमता विकास तथा जोखिमयुक्त बस्तीको पहिचान गरी बस्ती स्थानान्तरण गर्न आवश्यक कदम चालिनेछ।

१०८. भूमिहिन, सुकुम्बासी र अव्यवस्थित रुपले बसोबास गरिरहेका नागरिकलाई जमिनको स्वामित्वका लागि आवश्यक पहल गर्ने नीति अवलम्बन गरिनेछ।

**वातावरण तथा विपद् व्यवस्थापन**

**वन**

१०९. के.आई.सिंह गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ।

११०. के.आई.सिंह गाउँपालकाको क्षेत्रभित्र पर्ने तुस्यार खोला देखि गाउँपालका सम्म निर्माणाधिन सडकको दाँयावाँया करिब १००० विरुवाहरु रोपि **हरित सडकको अवधारणा** लिईनेछ।

१११. के.आई.सिंह गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ।

११२. के.आई.सिंह गाउँपालिकाभित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग स्थापना गरिनेछ। यस्ता उद्योगमा सरकारी, निजी, सहकारी र समुदायिक साझेदारी रहनेछ।

११३. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ।

११४. जैविक विविधता र वातावरणको संरक्षण गरि पृथ्वीको वहन क्षमतालाई बचाई राख्न बनजंगलमा हुने चोरि निकासी कार्यलाई पूर्ण रुपले नियन्त्रण गर्न स्थानीय समुदाय,नेपाल प्रहरी लगायत अन्य सम्बन्धीत पक्षहरु सँग आवश्यक समन्वय र सहजिकरण गरिनेछ।

११५. सार्वजनिक निर्माणका कार्यहरुलाई दिगो विकास सँग आवद्ध गरि हरित निर्माण र हरित गाउँपालिकाको अवधारणा कार्यान्वयनमा ल्याईनेछ।

**वन्यजन्तु**

११६. के.आई.सिंह गाउँपालिकाले सम्पूर्ण क्षेत्रको सम्भाव्यता अध्ययन गरी वन्यजन्तु आरक्षण क्षेत्र विकासको नीति अवलम्बन गरिनेछ।

११७. वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ।

**वातावरण**

११८. के.आई.सिंह गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई अनिवार्य गरिनेछ। सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घर परिवारलाई विशेष सम्मान र पुरस्कार प्रदान गरिनेछ।

११९. वातावरण संरक्षण गर्न वृक्षरोपण कार्यक्रम सञ्चालन गर्दा तितेचाप, पाखासाँच, रानी चाप,लामपाते, साल, बेत, लालिगुराँस, चिमल, लौठसल्ला, धुपी, पाउलेनिया, अशोक, उत्तीस, ओखरलाई मुख्य प्राथमिकता दिइनेछ।

१२०. जलवायु परिवर्तनमा पारिस्थितीकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।

**जलाधार संरक्षण**

१. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ।

२. एक टोल एक पोखरीको अवधारणालाई क्रमिक रुपमा लागु गरिदै लगिनेछ।

३. पानीका मुहान वरिपरी वृक्षारोपण र सरसफाई अभियान संचालन गरिनेछ।

४. पानीका मुहानहरुमा विषादिको प्रयोग गर्ने र पानीका श्रोतहरुमा अव्यवस्थित रुपमा फोहर फाल्ने प्रबृत्तिलाई निरुत्साहित गरिनेछ।

५. पानीका मुहान संरक्षणका लागि व्यापक रुपमा जनपरिचालन गरी संरक्षणको निति अवलम्बन गरिनेछ।

**फोहोरमैला व्यवस्थापन**

६. फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र(Transfer Station), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

७. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको पृथकीकरण गर्ने, फोहोरमैला निष्काशन, फोहोरमैला संकलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

८. गाउँपालिका, स्वास्थ्य चौकि र वडा कार्यालयहरु बाट निस्कने फोहरमैलाको उपयुक्त स्थानमा भण्डारण, वर्गिकरण र विसर्जनको व्यवस्था गरिने छ।

९. गाउँपालिका क्षेत्रभित्र प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनिकरण गर्न पुन प्रयोगमा ल्याउन सकिने जस्तै: बोरा, जुट कागज लगायत स्थानीय सामग्रीहरुको उत्पादन गर्ने संस्था अथवा व्यक्ति लाई अनुदान दिने नीति अवलम्बन गरिनेछ।

१०. वायल र लेकगडा बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि डस्टपिनको व्यवस्थापन गरिनेछ साथै ति स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साईडको स्थापना गर्न आवश्यक जग्गा प्राप्ति गर्न पहल गरिनेछ।

**विपद् व्यवस्थापन**

११. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

१२. विपद् उद्धार तथा राहत कोषको रकम बृद्धि गरिनेछ।

१३. प्राकृतिक तथा मानव सृजित विपत तथा जोखिमहरुबाट मानव समुदायमा पर्ने प्रभावहरुलाई न्यूनकरण गर्न विपत व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाई कोषको परिचालन गर्ने निति लिईनेछ।

१४. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरिनेछ।

१५. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ।

१६. विपतका असरहरुलाई न्यूनिकरण गरी राहत, उद्धार र पुनस्थापनाका कार्यहरुलाई प्रभावकारी बनाउन नागरिक समाज, नीजि क्षेत्र, गैर सरकारी समुदाय तथा अन्य निकाय सँग आवश्यक समन्वय गरिनेछ।

१७. विपतका परेका नागरिकहरुको लगत संकलन गरी सम्बन्धीत निकायमा पठाउने र गाउँपालिकाको विपत सँग सम्बन्धीत सेवा सुविधा सँग जोड्ने नीति अवलम्बन गरिनेछ।

**वित्तीय व्यवस्थापन सुशासन**

१८. सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट अधिकतम मितव्ययिताका साथ कार्यसम्पादन गरिनेछ।

१९. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता चालू प्रकृतिका प्रशासनिक खर्चमा कटौती गर्दै पूजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिईनेछ।

**लेखांकन**

२०. गाउँपालिकामा हुने सबै प्रकारका आर्थिक कारोबारलाई बैंकिङ प्रणालीमा आवद्ध गरी शून्य नगद कारोबारलाई लागु गरिनेछ। साथै आगामी वर्ष देखि अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी गर्ने नीति अवलम्बन गरिनेछ।

**वित्तीय अनुशासन**

२१. आय आर्जन र व्यवसाय गर्ने चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई करदातालाई करको दायरामा ल्याइनेछ।

२२. करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ।

२३. करको बारेमा जानकारी दिन स्थानीय पाठ्यक्रममा नेपालको कर प्रणाली सम्बन्धी विषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ।

२४. यस गाउँपालिका भित्र कार्यरत सम्पुर्ण कर्मचारीहरुको अनिवार्य रुपमा PAN दर्ता गरी करको आधुनिकतालाई अवलम्बन गरिनेछ।

**सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण**

२५. के.आई.सिंह गाउँपालिकाको सुशासन नीति र सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण) कार्यविधिहरुको पूर्ण पालना गरी गाउँपालिकालाई सुशासन र सूचना मैत्री गाउँपालिकाको रुपमा परिचित गराईनेछ।

२६. सार्वजनिक सुनुवाईका लागि सहजकर्ताको प्रबन्ध र बजेट व्यवस्था गरिनेछ।

२७. यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरुको प्रगति तथ्यांक, मासिक र त्रैमासिक प्रतिबेदनहरु गाउँपालिकाको वेभसाईटमा राखिने छ।

२८. गाउँपालिकाबाट प्रबाह हुने सेवा प्रवाहलाई अझ बढी खुला पारदर्शि र जनमैत्री बनाउन आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गरि झन प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

**मानव संशाधन विकास**

२९. एक आर्थिक वर्षमा कार्य विवरण अनुरुप तोकिएको समय र मापदण्ड अनुसार कार्य सम्पादन गरि गाउँपालिकाको विकासको लागि उत्कृष्ट कार्य गर्ने राष्ट्सेवक कर्मचारीहरुलाई उचित पुरस्कारको व्यवस्था गर्न गरिनेछ र त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३०. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना लगायतका कार्यलाई तत्कालको लागी स्थगित गरिनेछ ।

३१. कर्मचारीको उच्च मनोबलका लागि कर्मचारी कल्याणकारी कोषको व्यवस्था गरि बजेट व्यवस्थापन गर्ने नीति लिईनेछ।

३२. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको उच्च मुल्यांकन गर्दै तलबमानमा बृदी गर्ने निति लिइएको छ।

३३. आन्तरिक तथा अन्तिम लेखा परिक्षणले औंल्याएका बेरुजुहरुलाई फछयौट गरि शुन्य बेरुजु को नीति अवलम्वन गरिनेछ।

३४. आगामी आ.व. देखि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत कार्यालयहरु, गैरसरकारी संघ संस्थाहरुमा सुशासन विकास इकाइ (Good Governance Development Unit) स्थापना गर्दै जाने नीति लिइनेछ।

३५. विद्युतीय सुशासन प्रणाली (e-governance system) मार्फत गाउँपालिकाको क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारबाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ।

३६. क्षमता विकास योजना (capacity development plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहना अनुरुप अबलम्वन गरिनेछ।

३७. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ।

३८. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ।

३९. बढी सेवाग्राहीहरु हुने कार्यालयमा टोकनमा आधारित सेवा प्रवाहलाई विस्तार गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

**सामाजिक विकास समिति**

**शिक्षा**

४०. ५ वर्षे गाउँ शिक्षा योजना निर्माण गरी शिक्षा क्षेत्रलाई थप गुणस्तयुक्त र सबैको पहुँचयोग्य बनाउने नीति अवलम्बन गरिनेछ।

४१. कोभिड-१९ लगायत अन्य महामारीबाट विद्यालय क्षेत्रमा पर्ने प्रभाव लाई मध्यनजर गरी बैकल्पिक तथा प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्दै लगिनेछ।

४२. यस गाउँपालिका भित्र रहेका कृषि तर्फको विद्यालयमा अध्ययनरत विद्यार्थिहरुको मनोवल उच्च राख्न **प्रविधिसँग विद्यार्थि कार्यक्रम** सन्चालन गरि ५ जना विद्यार्थिलाइ प्राविधिक शिक्षा पढ्न लाग्ने शुल्क लागि बजेट सुनिश्चित गरिनेछ। जसमध्ये प्रवेश परिक्षामा प्रथम, दितिय र तृतिय गरि ३ जना, १ जना छात्रा र १ जना आर्थिक रुपले विपन्न विद्यार्थिलाइ छात्रवृती दिइनेछ।

४३. भुमिराज मा.वि. र बासुदेवी मा.वि.हरुमा कक्षा ११ र १२ को विद्यालय सन्चालनमा ल्याइनेछ।

४४. छत्रेश्वर मा विमा संस्कृत भाषामा पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ।

४५. सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी, लेखापाल र बालविकास केन्द्रमा कार्यरत सहजकर्ताको पारिश्रमिक पुनरावलोकन गर्ने निति लिइएको छ।

४६. सामुदायिक विद्यालयमा कार्यरत प्र.अ. र लेखापालहरुलाइ लेखा व्यवस्थापन लगायत आवश्यक क्षमता विकास तालिम दिइ शैक्षिक गुणस्तर सुदृढ गर्ने निति अबलम्बन्ध गरिनेछ।

४७. सामाजिक, आर्थिक एवम राजनितिक रुपमा पछाडि परेको मगरबस्तीमा मगर भाषाको संरक्षण एवम सम्बर्दन गर्ने उद्देश्यका साथ मगर (खाम) भाषा को विद्यालयमा पठनपाठन गर्न आवश्यक पहल गरिनेछ।

४८. यस गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकलाइ गुरु दक्षिणा कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

४९. विद्यालयलाई हरियाली, मनमोहक र शैक्षिक वातावरणयुक्त बनाईनेछ। त्यसका लागि **'पाठशाला एक बगैंचा'** कार्यक्रम विद्यालयमा संचालन गरिनेछ।

५०. विद्यार्थीलाई पढाईप्रति सृजनशिल बनाउनुपर्छ। त्यसका लागि विद्यालय र कक्षाकोठा आकर्षक, चिटिक्क र सफा हुन जरुरी छ। यस आर्थिक वर्षमा विद्यालयहरुलाई **'सृजनाको स्रोत कक्षाकोठा'** अभियान चलाइनेछ।

५१. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरेर शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

५२. स्थानीय पाठ्यक्रम लाइ निरन्तरता दिइनेछ।

५३. सामूदायिक विद्यालयका विद्यार्थिहरुलाई लक्षित गरि गाउँपालिका स्तरिय हाजिरिजवाफ प्रतियोगिता आयोजना गरिनेछ र त्यसको लागि आवश्यक बजेट विनियोजना गरिनेछ।

५४. के.आई.सिंह गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्नेछ।

५५. यस के.आई.सिंह गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकूद् तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ।

५६. स्थानीय पाठ्यक्रमको विषयमा यस गाउँपालिकाको आवश्यकतालाई पहिचान गरी मातृभाषा तथा उत्पादनमूलक विषयवस्तुको छनौट गरी स्वरोजगारको वातावरण सृजना गरिनेछ।

५७. बालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरुलाइ आवश्यकताका आधारमा पुनरावलोकन गर्ने निति लिइनेछ।

**स्वास्थ्य**

५८. कोभिड-१९ को महामारिले सबैभन्दा बढी प्रभाव पारको स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखि कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि छुट्टै दश शैयाको कोभिड अस्थाई अस्पतालको व्यवस्था गरिनेछ। साथै प्रत्येक वडाको स्वास्थ्य संस्थाहरुमा एक बेडको आईसोलेसन कक्षको स्थापना गरिनेछ।

५९. कोभिड-१९ को सम्भावित लक्षण भएका क्षेत्रहरुमा पिसिआर र एन्टीजिन परिक्षण गर्ने नीति लिईनेछ साथै उक्त कार्यको लागि यथेष्ट बजेट विनियोजन गरिनेछ।

६०. ७५ वर्ष माथिका जेष्ठ नागरिक, पूर्ण अपाँगता भएका व्यक्ती र गर्भपति हुन नसकि स्वास्थ्य संस्थाबाट प्रेषण भएका महिलाहरु र कोभिड-१९ बाट संक्रमित व्यक्तिहरुलाई नजिकको अस्पताल सम्म एम्बुलेन्स सेवा शुल्कमा छुट दिईनेछ। यसको लागि आवश्य बजेट विनियोजन गरिनेछ।

६१. कोभिड-१९ विरुद्धको खोप अभियानका लागि संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

६२. कोरोनाबाट बच्न अपनाउनु पर्ने व्यवहारहरुबारे वडा तथा टोलस्तरमा जागरण कार्यक्रम संचालन गर्ने, स्वास्थ्य सामाग्री उपलब्ध गराउने तथा स्वास्थ्यकर्मीहरुलाई ढुक्कसंग सेवामा खटिने वातावरण तयार पारिनेछ।

६३. कोभिड - १९ तथा विभिन्न बिपत उद्धारमा खटिने स्वयंसेवक तथा स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न स्वास्थ्य बिमा लगायतका अन्य प्रोत्साहनमूलक कार्यक्रम ल्याइनेछ। जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस के.आई.सिंह गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संशाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ।

६४. प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको स्तर वृद्धि गरिनेछ। त्यसका लागी आवश्यक बजेट विनियोजन गरिनेछ।

६५. के.आई.सिंह गाउँपालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ । राष्ट्रिय बिमा बोर्डबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु भइसकेपछि स्वास्थ्य बिमाबाट बिमित नहुनेलाई गाउँपालिकाबाट कुनैपनि सहायता प्रदान गरिनेछैन ।

६६. के.आई.सिंह गाउँपालिकाको दुर्गामाण्डौ स्वास्थ्य चौकीमा डाक्टरबाट प्रदान गरिदै आएको चिकित्सकीय सेवालाई निरन्तरता दिईनेछ । त्यहाँ रहेको स्वास्थ्य प्रयोगशालालाई थप प्रभावकारी बनाईनेछ ।

६७. के.आई.सिंह गाउँपालिकाका जनताहरुलाई सहज र समान स्वास्थ्यव सेवाको पहुँचको लागि निकित्सकिय स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिनेछ । जसले गर्दा नसर्ने रोग लाग्ने दर लाई कम गर्दै लगिनेछ ।

६८. म हिड्छु मेरो गाउँपालका हिड्छ भन्ने स्वास्थ्य जागरण अभियान प्रत्येक वडामा सुरुवात गरिनेछ ।

६९. के.आई.सिंह गाउँपालिका भित्रका सम्पूर्ण ५ वर्ष मुनिका बालबालिकाहरुले पाउनुपर्ने राष्ट्रिय खोप तालिका अनुसारको खोप पाएको सुनिश्चितता गरि पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना तथा प्रमाणिकरण गरिने निति लिईने छ ।

७०. घरमा सुत्केरी हुने दरलाई शुन्य गर्दै संस्थागत सुत्केरी हुने दरलाई शत प्रतिशत पुर्याउने लक्ष लिईनेछ जसले गर्दा नवजात शिशु मृत्युदर र मातृ मृत्युदर घटाउन टेवा पुग्नेछ । त्यसका लागि महिला स्वास्थ्यव स्वयंसेविकालाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

७१. प्रजनन स्वास्थ्य सेवालाई थप गुणस्तरिय र पहुँचयोग्य बनाई शुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाईने छ ।

७२. सामूदिक विद्यालयका विद्यार्थिहरुको वर्षमा दुई पटक स्वास्थ्य परीक्षण गरिनेछ । स्वास्थ्य परीक्षणकै क्रममा विद्यार्थीहरुलाई जुकाको औषधि खुवाईनेछ ।

७३. कुपोषणको लाग्ने दरलाई कम गरि क्रमश पूर्ण पोषणयुक्त वडा बनाई आगामी वर्षहरुमा गाउँपालिका लाई समेत पूर्ण पोषणयुक्त गाउँपालका घोषणा गर्ने निति लिईनेछ ।

७४. आधा घण्टाभित्र हरेक नागरिकको स्वास्थ्य सेवामा पहुँच होस् भन्ने के.आई.सिंहको नितीलाई मध्यनजर गर्दै वडा नं. ५ र ६ का माथिल्लो भेग तथा वडा नं. १ महादेउ क्षेत्रका जनताको स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन पायक पर्ने स्थानमा सामुदायिक स्वास्थ्य इकाईको बिस्तार गरिनेछ ।

७५. के.आई. सिंह गाउँपालिका वडा नं. २ का तल्लो भेगका आमाहरुलाई प्रसुति सेवाको लागि तिखात्तर स्वास्थ्य चौकी आउदा जोखिम भइरहेको समस्यालाई मध्यनजर गर्दै दाडीमाटी सामुदायिक स्वास्थ्य इकाईमा एक्सटेन्डेट बर्थिङ्ग सेन्टरको स्थापना गरिनेछ ।

७६. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने निशुल्क औषधीहरु वर्षभरी अभाव हुन नदिने वातावरण बनाइनेछ ।

७७. गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा ध्यान दिन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मासिक रुपमा प्रत्येक स्वास्थ्य संस्थाहरुबाट घुम्ती सेवा मार्फत संचालनका लागि व्यवस्था गरिनेछ ।

७८. जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच गर्न प्रत्येक वडाहरुमा घुम्ति स्वास्थ्य सेवा सन्चालन गरिनेछ ।

**आयुर्वेद**

७९. यस गाउँपालिकामा स्थापना भएको नागरकि आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी सुदृढ बनाउँदै लगिनेछ ।

८०. कोभिड-१९ लगायत अन्य रोग तथा महामारि सँग जुध्ने प्राकृतिक चिकित्सा प्रणालीको विकास गर्न यस गाउँपालिका क्षेत्रभित्र औषधीयुक्त जडिबुटीहरुको पहिचान र संकलन कार्यलाई प्रभावकारी बनाउँदै लगिनेछ ।

८१. माध्यमिक विद्यालयहरुमा योगा अभ्यास कार्यक्रम संचालन गरिनेछ ।

८२. वडा नं ३, ५ ,६ र ७ मा आयुर्वेदिक शिविर संचालन गरिनेछ ।

८३. आयुर्वेदिक सेवालाई प्रभावकारी बनाउन गाउँघरका बुद्धिजिवि, बैद्य, वन तथा वातावरण सँग विज्ञ व्यक्तिहरु सँग समन्वय र छलफल गर्ने नीति अवलम्बन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

८४. एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी के.आई.सिंह गाउँपालिकाको जलाशय क्षेत्रहरुको विशेष संरक्षण गरिनेछ।

८५. स्थानीय वातावरण अनुकूलनका वन पैदावरहरुको विस्तार, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गरिनेछ।

८६. के.आई.सिंह गाउँपालिकाका जनतालाई स्वच्छ, सफा, गुणस्तरीय र दीगो रुपमा व्यवस्थापन हुने खालको खानेपानी र उचित सरसफाइको व्यवस्था मिलाइनेछ।

८७. के.आई.सिंह गाउँपालिका भित्र एक घर एक धाराको व्यवस्था गरिनेछ। खानेपानीमा पहुँच नपुगेका क्षेत्रहरुमा पाँच वर्षभित्र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ। सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ खानेपानी योजना अघि बढाइनेछ।

८८. गाउँपालिकामा निर्माण हुने खानेपानीका संरचनाहरु बालमैत्री र अपांगतामैत्री बनाउदै लगिनेछ।

**संस्कृति प्रवर्द्धन**

८९. के.आई.सिंह संग्रहालयमा प्रर्दशनका लागि राखिने सांस्कृतिक, ऐतिहासिक महत्वका कला संस्कृतिहरुको खोज, अनुसन्धानका लागि खोज, अध्ययन तथा संकलन समिति गठन गरिनेछ । खोज,अध्ययन तथा संकलनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

९०. के.आई.सिंह गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

९१. के.आई.सिंह गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरण**

९२. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ।

९३. महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदलाई प्रभावकारी ढंगबाट अन्त्य गर्नका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। उपाध्यक्षसंग महिला कार्यक्रम सञ्चालन गरिनेछ।

९४. महिलाहरुको क्षमता विकास र अधिकारहरु सुनिश्चितताका लागि **महिलासँग उपाध्यक्ष** कार्यक्रमलाइ निरन्तरता दिइएको छ।

९५. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।

९६. आपतकालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ।

९७. मानसिक तथा प्रजननसँग सम्बन्धित शारिरिक रोग भएका महिलाहरुको उपचारमा सहुलियत दिने निति अबलम्बन गरिनेछ।

९८. ६० वर्ष माथिका पत्नी गुमाएका सामाजिक सुरक्षा भत्ता नपाउने पुरुषहरुलाई मासिक रु ५०० जिवन निर्वाह भत्ता उपलब्ध गराईने छ।

९९. आमा र बुवा दुबै गुमाएका १६ वर्ष मुनिका बेसाहारा तथा टुहुरा बालबालिकाहरुलाई आधारभूत आश्यकताहरुको परिपूर्तिका लागि मासिक रु १००० जिवन निर्वाह भत्ता उपलब्ध गराईनेछ।

१००. सामाजिक विकृतिमा रहेको छोराछोरी विचको विभेद, छाउपडि प्रथा, सुत्केरी अवस्थामा हुने दुर्व्यवहार जस्ता रुडीवादी परम्परा न्युनिकरणका लागि जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ।

१०१. विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

१०२. महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ। बालश्रम शोषण, बहुविवाह र बालबिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ।

१०३. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ।

१०४. अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्यवन गरिनेछ।

**सरकारी तथा गैरसरकारी संघ संस्था सम्वन्धी नीतिः**

१०५. एकद्वार प्रणाली मार्फत गैरसरकारी संस्थाहरुलाई यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैरसरकारी संघसंस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघसंस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघसंस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

१०६. के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ।

**खेलकूद तथा मनोरञ्जन**

१०७. गाउँपालिका स्तरको एक आधुनिक के.आई.सिंह खेलमैदान निर्माणका लागी सुदुरपश्चिम प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्थापन गर्न अनुरोध गरिनेछ।

१०८. के.आई.सिंह गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका लागी वार्षिक रुपमा के.आई.सिंह गेम्स (**K.I. Singh** Games) को आयोजना गरिनेछ। के.आई.सिंह गेम्स आयोजना गर्न उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ।

१०९. जिल्लास्तरिय अध्यक्ष कप भलिवल प्रतियोगितालाई निरन्तरता दिईनेछ।

११०. मनोरञ्जनको क्षेत्रहरुलाई व्यवस्थित गर्न कार्यविधि तय गरिनेछ।

गाउँसभा अध्यक्ष ज्यू एवम

गाउँसभा सदस्य ज्युहरु
अब म आगामी आ.ब.को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्दछु।

## बजेटमा प्राथमिकिकरणका आधारहरु

१. गरिबि न्युनिकरण, रोजगारी सृजना र आयआर्जन वृदीमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु
२. क्रमागत उत्पादनमुलक र छिटो प्रतिफल दिने योजना
३. आन्तरिक राजश्व वृदी र परिचालनमा योगदान पुर्याउने योजना
४. स्थानिय श्रोतसाधन श्रमसिप र प्रविधिमा आधारित योजना
५. सहभागितामुलक योजनाहरु
६. लैङ्गिक समानता सामाजिक समावेशीकरण अभिबृदी हुने योजनाहरु
७. दिगो विकास वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने योजना

८. सेवा प्रवाह संस्थागत क्षमता विकास र सुशासनमा योगदान पुर्याउने योजना

९. स्थानिय संस्कृति र पहिचान झल्कने योजनाहरु

१०. चालु आ.ब.मा बजेट विनियोजन भएका र विभिन्न कारणले सम्पन्न हुन नसकेका योजनाहरु

११. दुर्गम पिछडिएका र पूर्वाधार विकास कम पुगेका क्षेत्रहरु

अब म आ.ब. २०७८।७९ को आय र व्यय पेश गर्दछु ।

**आय तर्फ ( रु ३६ करोड ३९ लाख ८६ हजार मात्र )**

**संघिय सरकारबाट**

वित्तिय समानिकरण रु.९ करोड ०७ लाख

राजश्व वाडफाँड रु ७ करोड ४२ लाख ७४ हजार

विशेष अनुदान रु १ करोड २५ लाख

समपुरक अनुदान रु २५ लाख

शसर्त अनुदान रु १४ करोड ७५ लाख

**सुदुरपश्चिम प्रदेश सरकारबाट**

वित्तिय समानिकरण रु. ६१ लाख ६९ हजार

सवारी साधन कर रु.१८ लाख ०१ हजार

विशेष अनुदान रु. ५० लाख

समपुरक अनुदान रु. ६० लाख ४२ हजार

**आन्तरिक श्रोतबाट**

आन्तरिक आम्दानी रु. ७५ लाख

गत आ.ब.को अल्या रु. १ करोड

**जम्मा आय रु ३६ करोड ३९ लाख ८६ हजार मात्र**

**व्यय तर्फ (रु.३६ करोड ३९ लाख ८६ हजार)**

चालु तर्फ रु. १० करोड १२ लाख ४३ हजार

पुजितर्फ रु.११ करोड ८२ लाख ४३ हजार

सशर्त रु. १४ करोड ४५ लाख

अन्त्यमा, अब के.आई.सिंह गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विकासमा निरन्तर सहयोग पुर्याउन नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार, सबै करदाता र राष्ट्रिय र अन्तराष्ट्रिय विकास साझेदारहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो निति कार्यक्रम तथा बजेट तर्जुमामा मार्ग निर्देशन गर्नुहुने के.आई.सिंह गाउँपालिकाका अध्यक्ष ज्यू, गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत, यस गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरु तथा समग्र कर्मचारीहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवम प्रतिनिधिहरु एवम सम्पुर्ण सरोकारवालाहरुले दिनुभएको सुझावलाइ पनि बजेट निर्माणको चरणमा स्मरण गर्ने प्रयास गरेको छु । बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउने गाउँपालिकाका सम्पुर्ण जननिर्वाचित पदाधिकारीहरु, शिक्षक, समाजसेवी, बुद्दीजिवि, पत्रकार,राजनितिक दलका प्रमुख एवम प्रतिनिधिहरु, यस गाउँपालिकामा अहोरात्र खटिइ गाउँ सभालाइ सफल पार्नुहुने कर्मचारीहरु, अर्थविद् मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु

भएका सम्पुर्ण आमाबुबा, दाजुभाइ तथा दिदिबहिनीहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहनेछ भन्ने पुर्ण अपेक्षा लिएको छु ।

**धन्यवाद**